जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १२३ २०८१ साल मंसिर २७ गते बिहीबार (12 Dec. 2024 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कष्टकर बन्दै विपद्पीडितको... ३ पृष्ठमा : 'जलवायु वित्त अनुदान... ३ पृष्ठमा : युक्रेन सङ्कट समाधान आफ्नो...

## पत्रकार महासंघको नेतृत्वका लागि देव र यादव चुनावी मैदानमा

**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

नेपाल पत्रकार महासंघको मंसिर २८ गते हुने निर्वाचनका लागि सप्तरीमा बुधबार उम्मेदवारहरुले मनोनयन पत्र दर्ता गराएका छन् ।

सप्तरी शाखाकाको नयाँ कार्य समिति गठनका लागि लागि नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल र समाजवादी प्रेस संगठनको संयुक्त प्यानल तथा प्रेस सेन्टर र प्रेस मञ्चको संयुक्त प्यानलबाट उम्मेरवारी परेको हो ।



*अध्यक्षमाः श्रवण कुमार देव र वैद्यनाथ यादव*

प्रेस युनियन सहितको संयुक्त प्यानलबाट अध्यक्षमा श्रवण कुमार देव, उपाध्यक्ष अनिल कुमार पोखरेल, उपाध्यक्ष महिला सुधा देव, सचिव खगेन्द्र कार्की, सहसचिव कृष्णकुमार मण्डल, सहसचिव समावेशी डम्बर राई, कोषाध्यक्ष नविन कुमार गुप्ता, सदस्य महिला रक्षा चौधरी, सदस्य दलित किशोर कुमार पासवान, सदस्य आदिवासी जनजाती निरज कुमार मंडल, सदस्य मधेशी अरुण कुमार यादव, सदस्य अन्य समावेशी परिष कुमार कर्ण, सदस्य खुल्लामा क्रमशः नर्मदेव यादव, शिव आचार्य, उत्तम आचार्य र रामनाराण यादवले उम्मेदवारी दर्ता गराएका हुन् ।

देव यस अघिको निर्वाचनबाट प्रेस युनियन सहितको प्यानलबाट अध्यक्षमा निर्वाचित भई महासंघ सप्तरीको नेतृत्व गर्दै आएका छन् ।

यसै गरि सोही प्यानलबाट केन्द्रिय परिषद सदस्यहरुमा ढमला भट्टराई, सतिश कुमार दत्त र मनोजकुमार माझी र प्रदेश परिषद सदस्यहरुमा अरुण कुमार तिवारी, नरेश कुमार चौधरी, शैलेन्द्र झा, लोकेन्द्र प्रसाद यादव, पवन कुमार मिश्र, गणेशलाल देवले उम्मेदवारी उम्मेदवारी दिएका हुन् ।

यस्तै प्रेस सेन्टर र प्रेस मञ्चको प्यानलबाट अध्यक्षमा वैद्यनाथ यादव, उपाध्यक्ष रामनारायण विश्वास, उपाध्यक्ष महिला मन्जु यादव, सचिव जितेन्द्र कुमार झा, सह सचिव दिनानाथ यादव, सह सचिव समावेशी विद्यानन्द राम, कोषाध्यक्ष गोपाल प्रसाद गुप्ता, सदस्य आदिवासी जनजाती बृजमान तामाङ्ग, सदस्य मधेशी कृष्णदेव यादव, सदस्य अन्य समावेशी भुषण कुमार सिंह, सदस्य खुल्लामा क्रमशः धर्मपाल राउत, विन्दू कुमार यादव,राजेन्द्र कुमार मिश्र र गंगा प्रसाद साह रहेका छन् ।

यादव यस अघिको निर्वाचनमा प्रेस मञ्चकै प्यानलबाट उपाध्यक्षमा निर्वाचित भई महासंघ सप्तरीको कार्यसमितिमाछन् ।

यसैगरि केन्द्रिय परिषद सदस्यहरुमा देवराम यादव, सुमन कुमार मिश्र छन् भने प्रदेश परिषद सदस्यहरुमा भुपेन्द्र प्रसाद मण्डल, आनन्द मोहन शर्मा, महेन्द्र प्रसाद मण्डलले उम्मेदवारी दर्ता गराएको निर्वाचन समिति संयोजक बैद्यनाथ झाले जानकारी दिएका छन् । छन् ।

यसैबीच नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल र समाजवादी प्रेस संगठनको संयुक्त प्यानलबाट महिला सदस्यमा रक्षा चौधरी, दलित सदस्यमा किशोर पासवान र केन्द्रिय परिषद सदस्यमा ढमला भट्टराई देवको प्यानलबाट मात्रै उम्मेदवारी परेको छ ।

## खाद्य कम्पनीद्वारा सिरहामा धान खरिद सुरु

**दैनिक समाचारदाता**
**सिरहा, २६ मंसिर ।**

सिरहास्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय लहानले आजदेखि धान खरिद प्रक्रिया सुरु गरेको छ । कम्पनीले सिरहा, सप्तरी र उदयपुरका किसानद्वारा उत्पादित धान बर्सेनि खरिद गर्दै आएको हो ।

यस वर्ष २५ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जिरा मसिनो (कतर्नी) धान खरिद गरिने कार्यालय प्रमुख दीपक सुनारले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष सरकारले सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार पाँच सय ८० रुपैयाँ ६२ पैसा र जिरा मसिनो (कतर्नी) धान प्रतिक्विन्टल रु चार हजार दुई सय तोकेको छ ।

जिल्ला प्राथमिक धान खरिद समितिको बैठकबाट निर्णय भएअनुसार समर्थन मूल्यमा धान खरिद गरिने प्रमुख सुनारले बताउनुभयो । "सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालको अध्यक्षतामा धान खरिद समितिको बैठकबाट निर्णय गरी आजदेखि खरिद प्रक्रिया सुरु गरिएको छ । खाद्य कम्पनीले तोकिएको मापदण्ड पूरा गरेर ल्याइएका धानको चेकमार्फत किसानलाई भुक्तानी गर्ने व्यवस्था मिलाएका छौं", उहाँले भन्नुभयो ।

प्रमुख सुनारका अनुसार प्रतिकिसान अधिकतम एक सय क्विन्टल धान कम्पनीले खरिद गर्नेछ । सार्वजनिक बिदाको दिनबाहेक कार्यालय समयमा किसानको धान खरिद गरिने खाद्य कम्पनीले जनाएको छ ।

सरकारले दिने मूल्यभन्दा स्थानीय व्यापारीले दिने मूल्य बढी भएकाले किसानहरू व्यापारीलाई धान बिक्री गर्न आकर्षित भएका राष्ट्रिय कृषक समूह महासङ्घ, मधेश प्रदेशका निवर्तमान अध्यक्ष मुक्तिनारायण यादवले बताउनुभयो । किसानको उत्पादनको उचित र वैज्ञानिक मूल्य नदिएर सरकारले किसानलाई अन्याय गरेको उहाँको भनाइ छ ।

## सुदूरपश्चिम रोयल्सद्वारा जनकपुर पराजित

काठमाडौँ, २६ मङ्सिर (रासस) ।

नेपाल प्रिमियर लिग ( एनपिएल) मा सुदूरपश्चिम रोयल्सले जनकपुर बोल्ट्सलाई पराजित गर्दै विजयी भएको छ । प्रतियोगितामा जकपुरको यो पहिलो हार हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधवार भएको खेलमा सुदूरपश्चिमका स्पिनरले उत्कृष्ट प्रदर्शन गरेपछि जनकपुर बोल्ट्सलाई ७२ रनले पराजित गर्दै सुदूरपश्चिम विजयी भएको हो । सुदूरपश्चिमले जितका लागि दिएको एक सय २४ रनको लक्ष्य पछ्याएकामा जनकपुरले १२ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ५१ रनमा समेटियो ।

पाँच खेल खेलेका जनकपुर र सुदूरपश्चिमको अङ्क तालिकामा समान आठ/आठ अङ्क भएको छ । जनकपुरका लागि जोसुअ टूोम्पले सर्वाधिक १३ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । जनकपुरलाई ५२ रनमा अलआउट गर्न सुदूरपश्चिमका लागि हर्मित सिंह, दीपेन्द्रसिंह ऐरी र इशान पाण्डेले

*बाँकी अन्तिम पृष्ठमा*

## अपाङ्गता भएकाहरुको शिक्षामा पहुँचका लागि सम्वाद



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

अपाङ्गता भएकाहरुको शिक्षामा पहुँच विषयक प्रदेश स्तरीय सम्वाद राजविराजमा सम्पन्न भएको छ ।

सेभ द सप्तरी नामक गैरसरकारी संस्थाको आयोजना तथा एशिया फाउन्डेशनको सहयोगमा बुधवार कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमा प्रमुख अतिथि नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा सप्तरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले शिक्षामा फरक क्षमता भएका बालबालिकाको सहज पहुँच कायम हुन सके मात्र सबैका लागि शिक्षा अभियान सफल हुने बताए ।

कार्यक्रमका विशिष्ठ अतिथि पूर्व कृषि मन्त्री तथा प्रदेश सभा सदस्य गोविन्द न्यौपानेले फरक क्षमता भएका तथा फरक लिङ्गी बालबालिकाको लागि गैरसरकारी संस्थाको मात्र भर पर्नुभन्दा पनि जनप्रतिनिधि, राजनितीकर्मी लगायत सबै पक्षले आ आफ्नो तर्फबाट भूमिका खेल्न आवश्यक रहेकोमा जोड दिए ।

*बाँकी अन्तिम पृष्ठमा*

## वैदेशिक रोजगारमा विदेश पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

काठमाडौं, २६ मङ्सिर (रासस) ।

वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिने भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा कास्कीको पोखरा महानगरपालिका(२५ घर भई काठमाडौंको टोखा नगरपालिका(६ बस्ने ३० वर्षीय मधु तिमल्सिना अधिकारी, रुपन्देही देवदह नगरपालिका(१२ घर भई काठमाडौं महानगरपालिका(२८ बस्ने ३२ वर्षीया गीता कुँवर तथा काठमाडौं बागबजारस्थित ग्लोबल एक्सेल अपस्किल एन्ड स्टडी इन्फो सेन्टरका सञ्चालिका सिराहाको सिरहा नगरपालिका(७ घर भई काठमाडौं(२२ बस्ने ३० वर्षीया दिव्या यादव रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पक्राउमध्ये मधुले रोमानिया पठाइदिने भन्दै तीनजना पीडितहरूबाट रु सात लाख, गीताले युके पठाइदिने भन्दै आठजना पीडितबाट रु १६ लाख पाँच हजार तथा दिव्याले स्लोभाकिया पठाइदिने भन्दै एकजना पीडितबाट रु पाँच लाख १५ हजार लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको हो ।"

प्रहरीले मधुलाई काठमाडौंको टोखा(६ बाट र गीतालाई काठमाडौं(२८ बाट तथा दिव्यालाई काठमाडौं न्यूरोडबाट पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । पक्राउमध्ये मधु र गीतालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं र दिव्यालाई जिल्ला प्रहरी परिसर काठमाडौं भद्रकाली पठाइएको सूचना अधिकारी आचार्यले बताउनुभयो ।

# कष्टकर बन्दै विपद्पीडितको जीवनशैली

**राजकुमार पराजुली**
काभ्रेपलाञ्चोक, २६ मंसिर (रासस)।

बेथानचोक गाउँपालिका-३ पानटेखोलाका फडिन्द्रप्रसाद तिमल्सिनाले गत असोज दोस्रो साता घर बगाएपछि छिमेकीको शरणमा बसेको अढाई महिना भइसक्यो। घरमा भएको १० मुरी मकै, १० मुरी तोरी र रु ३२ हजार नगदसहित एकतले पक्की घर बाढीले बगाएपछि आफूसहित पाँच जनाको परिवारसहित छमेकीको घरमा बस्दै आउनुभएको हो।

"छिमेकीको घरमा दुई परिवार बस्न निकै कठिनाइ छ, छाप्रो हालेर बसौँ जाडो बढेकोबढ्यै छ, घर बनाउन सक्ने क्षमता छैन, बनाउन पनि कहाँ बनाउने घर बगाएको स्थानमा बनाउनहुन्छ कि, हुन्न कसैले हेरिदिएका छैनन्" तिमल्सिनाले भन्नुभयो।

तिमल्सिनाले जाडोकै कारण पाल हालेर घर बगेकै ठाउँमा बस्न नसकिएकाले एक दुई महिना शरणमै बस्नुपर्ने बाध्यता रहेको सुनाउनुभयो। सोही गाउँपालिका(३ मा घर बगाउँदा श्रीमती र एक छोरा गुमाएका भीमबहादुर शङ्कर पनि त्यस घटनायता आफन्तकोमा बस्दै आउनुभएको छ। "ठूली छोरी पढ्न काठमाडौँ बस्छिन्, म काममा हेटौँडा थिएँ, यता घर बगाउँदा सुतिरहेका श्रीमती र छोराको ज्यान गयो, अहिले म आफन्तकोमा बसिरहेको छु, पीडामा त छु नै बासको व्यवस्थापन गर्न नसक्दा झन् चिन्ताले सताइरहेको छ", शङ्करले भन्नुभयो। राससससँगको कुराकानीका क्रममा बाढी, पहिरोले परिवार भत्किएको घटना सम्झिएर उहाँ भक्कानिँदै बोल्न नसक्ने हुनुभयो। उता पहिरोले घर पुर्दा एक छोरा र एक छोरी गुमाएका रोशी गाउँपालिका(२ का रुपबहादुर तुम्सिङको व्यथा शङ्करको भन्दा फरक छैन। भएका दुई छोराछोरी गुमाएका तुम्सिङ श्रीमतीसहित आफन्तकोमा बस्दै आउनुभएको छ। उहाँ भन्नुहुन्छ, "अढाई महिना भयो घटना भएको पनि। सन्तान वियोगको पीडा असह्य हुने रहेछ। बसेको र सुतेको कुनै पत्ता पाइरहेको छैन।" मृतकको नाममा आएको रु तीन लाखले बासको व्यवस्थापन गर्न नसक्दा दुःख पाइरहेको उहाँ गुनासो गर्नुहुन्छ।

गत असोज दोस्रो साताको बाढी, पहिरोले घरबारविहीन अवस्थामा पुगेको काभ्रेपलाञ्चोकमा हजारौँ परिवार छन्। घरसहित परिवारका सदस्य गुमाएको पनि ७९ परिवार छन्। जो अढाई महिनादेखि छिमेक तथा आफन्तको शरणमा गुजारा गरिरहेका छन्। केही स्थानमा पीडित परिवार पालकै भरमा दिन काटिरहेका छन्। घर, बारी बगाएर बजाडिएको बस्ती तथा बगाएको खेतको नामोनिशान नहुँदा कतिपय परिवार बिच्छिप्त अवस्था भेटिन्छन्। जिल्लाको दक्षिणी क्षेत्रस्थित बेथानचोक र रोशी गाउँपालिका तथा पनौती नगरपालिकामा बाढी, पहिरो पीडित जाडोको समयमा कष्टकर जीवन बिताउन बाध्य छन्।

बेथानाचोक(३ का बाढीपहिरो प्रभावित स्थानीयवासीले यही मङ्सिर १० गते सुरक्षित बासस्थानसहितको माग गर्दै गाउँपालिकालाई ज्ञापनपत्र बुझाएका थिए। पाँचबुँदे ज्ञापनपत्रमार्फत विनासकारी बाढी, पहिरोले दुई जनाको मृत्यु भएकाले उनीहरूको परिवारलाई उपयुक्त घरबासको प्रबन्ध गर्न मागसमेत गरेका छन्। अझ भूगर्भविद्को प्राविधिक अध्ययन गराएर स्थायीरूपमा पहिरो नियन्त्रणको व्यवस्था गर्नुपर्ने र बालीनाली लगाउन नहुने गरी पहिरोले पुरिएको बारीलाई पूर्वअवस्थामा ल्याउन गाउँपालिकाबाट सहयोगको व्यवस्था गर्न मागसहितको ज्ञापनपत्र गाउँपालिका अध्यक्ष भगवान अधिकारीलाई बुझाइएको छ। साथै, पीडितले तत्काल जाडोबाट बच्न बसोबास तथा स्थायी पुनर्बासमासमेत पहल गरिदिन आग्रह पनि गरे ।

गत असोजको दोस्रो साताको भीषण वर्षपछिको बाढी, पहिरोमा परी जिल्लामा ७९ जनाको मृत्यु भएको छ भने छ जना अझै वेपत्ताको अवस्थामा रहेका छन्। भने सयौँ परिवार घरबारविहीन बन्न पुगे। ज्यान गुमाउनेको परिवारले सरकारद्वारा प्रदान गरिएको राहत(रकम पाए भने जिल्लाका हजारौँ पीडित परिवार अझै राहतको पर्खाइमा छन्। स्थानीय तहले असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षापछिको बाढी, पहिरोले पुऱ्याएको जनधनको क्षतिको एकीन विवरण तयार नगर्दा सरकारले दिन लागेको अल्पकालीन राहत(रकम प्रदान गर्न सकिएको छैन।

जिल्ला विपद् व्यवस्थापन समितिले गत कात्तिक अन्तिमसाता नै बाढी, पहिरोले जनधनको क्षति पुऱ्याएकोबारे छिटो पूर्ण विवरण पठाउन स्थानीय तहलाई निर्देशन दिए पनि त्यसको कार्यान्वयन भएपछि समितिले मङ्सिर तेस्रो साता पुनः १० दिनको समयसीमा दिएको छ। समितिले स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिँदै क्षतिको पूर्ण विवरण उपलब्ध नगराउँदा तत्कालीन राहत तथा पुनर्बासका लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत आउने सरकारी राहत उपलब्ध गराउन नसकिएको जनाएको थियो।

प्रधिकरणको वेभसाइटमा क्षतिको पूर्ण विवरण प्रविष्ट गरी जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समितिमा विवरण बुझाउन निर्देशन दिएको सहायक प्रमुख जिल्ला अधिकारी सुवास पौडेलले बताउनुभयो। उहाँका अनुसार स्थानीय तहले उक्त विवरण पठाइसकेपछि मात्रै राहत तथा पुनर्बासको कार्यक्रम शुरु हुनेछ। जाडोयाम शुरु भइसकेकाले बाढी, पहिरो पिडीतलाई थप कष्ट हुने भएकाले तत्काल क्षतिको विवरण पठाउन भनिएको पौडेलले बताउनुभयो।

समितिको पटकपटकको बैठकले विपद् पीडित उद्दार र राहतसम्बन्धी (सातौँ संशोधन) मापदण्ड २०७७ बमोजिम विपद्बाट घर, बहाल, आवास नष्ट भएका वा खाद्यान्न(बाली तथा जग्गा जमिन वा पसल व्यवसायसमेत नोक्सानी भई तत्काल गुजाराका लागि खाद्यान्नसमेत नभएका वा दुवै अवस्थामा पीडित परिवारलाई यथाशीघ्र प्रतिपरिवार पाँच जनासम्मको हकमा रु १५ हजार र सोभन्दा बढी सदस्य भएको हकमा रु २० हजारका दरले नगद जिल्ला विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरिसकिएको छ।

समितिद्वारा अस्थायी आवास निर्माणका लागि रु ५० हजार उपलब्ध गराउने मापदण्डअनुसारको विवरणसमेत स्थानीय तहसँग माग गरिएको छ। "स्थानीय तहलाई क्षतिको पूर्ण विवरण उपलब्ध गराउन पटकपटक अनुरोधसहित पत्राचार गरेका थियौँ, नआएपछि पुनः मङसिर २० गते १० दिनको समयसीमा दिएका छौँ" पौडेलले भन्नुभयो। उहाँका अनुसार सरकारले प्रारम्भिक क्षतिका आधारमा बर्गीकरण गरी पठाएको स्थानीय तहस्तरको अनुदान भने कार्यालयले गत कात्तिक १४ गते नै पठाइसकिएको थियो। प्राधिकरणको पत्रसहित नेपाल सरकारबाट सङ्कटग्रस्त क्षेत्र घोषणा भएका स्थानीय तहलाई रकम उपलब्ध गराइएको हो।

यसैबीच गत असोज दोस्रो साताको बाढी, पहिरोमा बेपत्ता भएकाको परिवारलाई मृतक सरह राहत दिइने जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ। समितिले जिल्लामा बेपत्ता छ जनाको परिवारलाई राहत दिइने जनाइएको हो। २०८१ असार ३१ गते मन्त्रिपरिषद्को बैठकमा बाढी, पहिरोमा बेपत्ता भई १० दिनसम्म पनि फेला पर्न नसकेका तर यकिन भएकाको हकमा मृत्यु भएसरह राहत उपलब्ध गराउने निर्णयअनुसार समितिले जिल्लाका वेपत्ताको परिवारलाई सो राहत दिने निर्णय गरेको हो।

समितिका अनुसार बाढी, पहिरोको घटनामा बेपत्ता हुनेमा तेमाल गाउँपालिका(२ को छ वर्षीया अप्रिया तामाङ र तीन वर्षीया प्रिया तामाङ, चौरीदेउराली गाउँपालिका(६ को ४० वर्षीया शान्ता रिमाल, धुलिखेल नगरपालिका(८ को ४२ वर्षिया गीता श्रेष्ठ, बेथान्चोक गाउँपालिका(४ को ज्ञानु परियार र खानीखोला गाउँपालिका(६ को देवीमाया स्याङ्तान रहेका छन्।

वेपत्ताका परिवारलाई प्रतिमृतक रु दुई लाखका दरले सङ्घीय सरकार तथा प्रदेश सरकारसमेत राहत दिइने निर्णय गरिएको समितिको संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिनुभयो। बाढी, पहिरोबाट जिल्लाका ७९ जनाको मृत्यु भएको थियो।

समितिले जाडोको मौसम शुरु भैसकेकाले बाढी पीडितका लागि न्यानो कपडालगायतका सामग्री उपलब्ध गराउनेसमेत निर्णय गरेको थियो। जिल्लाको ११ स्थानीय तहमा रु नौ करोड २५ लाख अनुदान उपलब्ध गराइएको जनाएको छ। यस्तै केन्द्रीय सरकारका तर्फबाट ज्यान गुमाएका परिवारलाई यसअघि नै प्राप्त रु दुई लाखका दरले रकम उपलब्ध गराइसकिएको जिल्ला प्रशासन कार्यालले जनाएको छ।

यसैबीच नमोबुद्ध नगरपालिकाको आठ सय ४५ बाढी, पहिरो पीडितलाई संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)द्वारा प्राप्त सहयोग रकमबाट राहत विरतण गरिएको छ। प्रभावित परिवारलाई युनिसेफले नगरलाई एकमुष्ठ रूपमा उपलब्ध गराएको रु एक करोड ५० लाख ४० हजार पाँच सयबाट नगरले वडागत रूपमा पीडित परिवारलाई प्रदान गरेको हो। नगरप्रमुख कुन्साङ लामाले युनिसेफबाट प्राप्त आर्थिक सहयोगबाट सबै वडाका विपद् प्रभावितलाई राहत(रकम प्रदान गरिएको बताउनुभयो। नगरका चार सय ५३ प्रतिपरिवारले रु १५ हजार तथा तीन सय ९२ परिवारले रु २० हजारका दरले राहत( रकम पाएका हुन्। युनिसेफबाट राहत रकम प्राप्त गर्ने परिवारले सङ्घीय सरकारबाट घोषित अल्पकालीन राहत भने पाउने छैनन्।

बाढी, पहिरोबाट नगरका पाँच सय ३० घर पूर्ण तथा तीन सय १५ घर आंशिक रूपमा क्षति भएको जनाइएको छ। नगरका अनुसार बाढी, पहिरोबाट तीन हजार तीन सय ८५ जना प्रभावित भएको जनाइएको छ। यस्तै बाढी, पहिरोले नगरको एक विद्यालय पूर्ण तथा ४७ विद्यालयमा आंशिक क्षति पुगेको छ भने एक सय १९ खानेपानी आयोजनामा क्षति पुगेको छ। युनिसेफले यसअघि काभ्रेपलाञ्चोककै बेथानचोक गाउँपालिकाको दुई वटा वडाका दुई सय ६९ परिवारलाई राहत(रकम प्रदान गरेको थियो भने केही दिनभित्र मण्डनदेउपुर नगरका करिब नौ सय परिवारलाई उक्त राहत(रकम प्रदान गर्ने जनाएको छ।

विशेषगरी ठूलो क्षति पुगेका जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित पनौती नगरपालिका तथा बेथानचोक र रोशी गाउँपालिका खोज, उद्धार तथा राहत व्यवस्थापनपछि पुनर्बास एवं आवास निर्माणका लागि यकिन तथ्याङ्क सङ्कलन कार्यमा लागेको जनाएका छन्। कृषि(पशु, शिक्षा, सडक, सञ्चार तथा विद्युत्का क्षेत्रमा क्षति पुऱ्याउँदा स्थानीय नागरिकले कष्टकर जीवन बिताउन बाध्य बन्नुपरेको हो। घटनाको दुई महिना बितिसक्दा पनि जिल्लामा मानवीय क्षतिबाहेक अन्य विविध क्षतिबारे पूर्ण विवरण सङ्कलन हुन सकेको छैन। जिल्लाको बनेपा र धुलिखेल नगरबाहेक ११ स्थानीय तहलाई नेपाल सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ।

जिल्लाका १३ स्थानीय तहमा कुन स्थानीय तहमा कति क्षति भयो भन्ने आधिकारिक विवरण जिल्लास्थित कुनै पनि सरकारी निकायसँग छैन। जिल्ला प्रशासन कार्यालयको प्रारम्भिक विवरणअनुसार भने जिल्लामा दुई हजार आठ सय ४४ घर पूर्ण र छ हजार ४६ घरमा आंशिक क्षति पुगेको छ। त्यस्तै तीन हजारदेखि ३५ सय घर पुनःनिर्माण गर्नुपर्ने देखिएको प्रारम्भिक विवरणमा उल्लेख गरिएको छ। तीन दर्जन सरकारी भवन तथा साही सङ्ख्यामा सार्वजनिक भवन पूर्णरूपमा क्षति भएको जनाइएको छ। जिल्ला विपद् व्यवस्थापन समितिले भने बाढी, पहिरोले पुऱ्याएको जनधनको यकिन विवरण नबुझाएकाले सरकारद्वारा तत्कालीन राहत तथा पुनर्बासका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत आउने सरकारी राहत उपलब्ध गराउन नसकिएको जनाएको छ।

यसैबीच विपद् व्यवस्थापनका लागि जिल्लाका स्थानीय तहले चालु आर्थिक वर्षको बजेट विशेष अधिवेशनको आयोजना गरी संशोधन थालेका छन्। गत असोज दोस्रो साताको बाढी, पहिरोका कारण जिल्लामा जनधनको ठूलो क्षति भएपछि राहत तथा पुनर्बासका लागि यहाँका स्थानीय तहले विनियोजत बजेट कटौती गर्न थालेका हुन्। हालसम्म जिल्लास्थित रोशी र बेथानचोक गाउँपालिकाले विपद् प्रभावितको राहत, पुनःस्थापना एवं पुनर्बासका लागि चालु आवको बजेट संशोधन गरी विपद् कोषमा बजेट व्यवस्थापन गरेका छन्। जाडोयाम शुरु भैसकेकाले गाउँपालिकाले तत्काल बाढी, पहिरो प्रभावितलाई थप राहात प्रदान गर्न गाउँसभाको विशेष अधिवेशनले छुट्टै बजेट व्यवस्थापन गरेको जनाइएका छन्। बेथानचोक गाउँपालिकाले विशेष गाउँ अधिवेशनको आह्वान गरी चालु आवमा बिनियोजित रु रु ६४ करोड १२ लाख बजेटमा रु नौ करोड ३१ लख ८७ हजार कटौती गरी विपद् व्यवस्थापन कोषका लागि छुट्याएको छ।

यस्तै रोशी गाउँपालिकाको १५औं अधिवेशनले बाढी, पहिरोले ठूलो जनधनको क्षति पुऱ्याएपछि चालु आवको योजनाका लागि विनियोजित बजेटबाट केही प्रतिशत कटौती गरी विपद् व्यवस्थापन गर्न गत कात्तिक ३० गते नै निर्णय गरेको छ। गाउँपालिकाले विपद्सँग सम्बन्धित बनाएर दुई सय ६६ योजना संशोधन गरेको छ भने विपद् कोष रु दुई करोड ८० लाखको बनाएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘जलवायु वित्त अनुदान बढाउन कूटनीतिक पहल आवश्यक’

काठमाडौँ, २६ मङ्सिर (रासस)।
अमेरिकास्थित नेपाली पूर्वराजदूत डा अर्जुन कार्कीले जलवायु वित्तका लागि सहज र आवश्यकताअनुसार पहुँच स्थापित गर्न कूटनीतिक पहल आवश्यक रहेकामा जोड दिनुभएको छ। बुधबार अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा काठमाडौँमा आयोजित दुईदिने राष्ट्रिय गोष्ठीको पहिलो सत्रमा उहाँले जलवायु परिवर्तनका मुद्दा स्थापित गर्न राजनीतिक र कूटनीतिक रूपमा पहल अगाडि बढाउन आवश्यक रहेको बताउनुभयो।

“जलवायु परिवर्तनसम्बन्धी मुद्दालाई पहिला प्राविधिक मुद्दाका रूपमा मात्रै बुझिन्थ्यो, विस्तारै यो मुद्दा, राजनीतिक, कूटनीतिक, आर्थिक एवं समाजिक मुद्दा पनि हो भन्ने बुझाइ भएको छ”, डा कार्कीले भन्नुभयो, “जलवायुजन्य सङ्कट सामना गर्न आवश्यक पर्ने वित्तमा पहुँच पुऱ्याउन कूटनीतिक पहललाई पहिलो प्राथमिकता दिनुपर्छ।”

उहाँले जलवायुजन्य हानि-नोक्सानीसम्बन्धी वैज्ञानिक रूपमा अनुसन्धान गरेर तथ्याङ्क निकाल्नुपर्नेमा जोड दिनुभयो। कार्कीका अनुसार जलवायुसम्बन्धी मुद्दा सम्बोधन गर्न राजनीतिक स्तरबाट अगाडि बढाउनुपर्ने र राजनीतिक स्तरबाट जलवायुजन्य सङ्कटको सामना गर्न आवश्यक छ।

“बाकुको अजरबैजानमा सम्पन्न भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औँ शिखर सम्मेलन (कोप-२९) सम्पन्न भएको छ। विकासशील देशहरूलाई जलवायु परिवर्तनका असर सामना गर्न आवश्यक पर्ने आर्थिक सहयोग बढाउन नयाँ वित्तका योजना अघि सारिएको छ, यीलगायत अन्य जलवायु वित्तहरूमा अनुदान बढाउने कोपको निर्णय छ”, उहाँले भन्नुभयो, “हामीले उक्त कोषको रकम ल्याउनका लागि आवश्यक तयारीसहित अनुसन्धान बढाउनुपर्छ। जलवायुजन्य असरका आधिकारिक तथ्याङ्क प्रस्तुत गर्नुपर्छ।”

जलवायुविद् मञ्जित ढकालले विश्वको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न नसके पर्वतीय क्षेत्रमा जलवायुजन्य सङ्कट बढ्दै जाने र हिमालको हिउँसमेत पग्लिएर कलापत्थरमा परिणत हुन सक्ने बताउनुभयो।

“नेपाल जस्ता पर्वतीय मुलुकहरूको चिन्ताको विषय भनेको हिमालको सुरक्षा कसरी गर्ने ? र जलवायुजन्य सङ्कट निम्तिन नदिने भन्ने हो। अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि हामीले पर्वत बचाउन कार्बन उत्सर्जन कटौती गर्नलाई पैरवी गरिरहेका छौँ”, उहाँले भन्नुभयो, “यो कोप-२९ मा सोचेजस्तो उपलब्धि हुन नसके पनि हामी निराश हुनुपर्ने अवस्था छैन। अहिले हाम्रो पक्षमा नभएका कतिपय निर्णयहरू आगामी कोपमा हुँदै जानेछन्। हामीले यसका लागि पहल कदमी अगाडि बढाइरहनुपर्छ।”

गोरखापत्रका महानिर्देशक लालबहादुर ऐरीले जलवायु परिवर्तनसम्बन्धी मुद्दा स्थापित गर्न सञ्चारमाध्यमको अहम् भूमिका रहेको भन्दै जलवायु परिवर्तनका मुद्दामा कलम चलाउन पत्रकारको क्षमता अभिवृद्धिमा सरकारले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

वन तथा वातावरण मन्त्रालयकी उप-सचिव दीपा ओलीले कोपमा पर्वतीय क्षेत्रको मुद्दा मुख्य ‘नेगोसेसन’ (वार्ता) मा सोचे जस्तै अगाडि बढ्न नसके पनि नेपालले विभिन्न क्षेत्रीय कार्यक्रम (साइड इभेन्ट) हरूमा यी विषयवस्तु उठान गरिरहेको जानकारी दिनुभयो।

विश्व खाद्य समूह नेपालकी संस्थापक सदस्य पसुन सुवेदीले जलवायु परिवर्तनको असरका कारण हिमालको हिउँ पग्लिएर कालो भएमा हाम्रो भविष्य पनि जोखिममा पर्ने भन्दै हिमाल बचाउन सबैले चासो दिएर सहकार्य र समन्वय गर्नु आवश्यक रहेको खाँचो औँल्याउनुभयो। हिमालमा परेको जलवायु परिवर्तनको असरको विषयमा अनुसन्धान गर्नुपर्ने भन्दै उहाँले यसमा युवाहरूको पनि संलग्नता हुनुपर्ने बताउनुभयो।

गोष्ठीको पहिलो सत्रको मध्यस्थ राष्ट्रिय प्रकृति संरक्षण कोषका वरिष्ठ अधिकृत डा मनिषराज पाण्डेले गर्नुभएको थियो।

# प्रधानमन्त्री ओलीद्वारा आफूले आधारभूत शिक्षा लिएको विद्यालयको भवन उद्घाटन

पाँचथर, २६ मङ्सिर (रासस)।
प्रधानमन्त्री केपी शर्मा ओलीले प्रारम्भिक शिक्षा लिएको प्रणामी माध्यमिक विद्यालयको नवनिर्मित भवनको आज उद्घाटन गर्नुभएको छ।

तेह्रथुमको आठराई गाउँपालिका(४ इवामा रहेको उक्त विद्यालयमा निर्माण भएको १८ कोठे भवन आज प्रधानमन्त्री ओलीले रिबन काटेर उद्घाटन गर्नुभएको हो। यस क्रममा उहाँले विद्यालयका विद्यार्थी, शिक्षक, स्थानीय लगायतसँग अन्तरक्रियासमेत गर्नुभएको छ। प्रधानमन्त्री ओलीले यस विद्यालयमा कक्षा ३ सम्म अध्ययन गरेको विद्यालयका प्रधानाध्यापक अमृतबहादुर बुढाथोकीले जानकारी दिनुभयो।

दक्षिण कोरियाको युम होङ गिल ह्युमन फाउण्डेसनको सहयोगमा निर्मित उक्त भवनको हालै निर्माण सम्पन्न भएको हो। भवन निर्माणमा उक्त फाउण्डेसनले रु चार करोड ४९ लाख ६० हजार, कोशी प्रदेश सरकारले रु २१ लाख ४० हजार र आठराई गाउँपालिकाले रु ६९ लाख लगानी गरेका छन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भीम घिमिरेका अनुसार पुरानो भवनमा पठनपाठन गर्न समस्या भएपछि प्रधानमन्त्री ओलीलाई विद्यालयले बजेटको पहल गरिदिन आग्रह गरेको थियो।

प्रधानमन्त्री ओलीकै आग्रहका युम होङ गिल ह्युमन फाउण्डेसन दक्षिण कोरियाले मुख्य लगानी गरेपछि भवन निर्माण भएको घिमिरेले बताउनुभयो। कार्यक्रममा नेपालका लागि दक्षिण कोरियाली राजदूत पार्क ते योङ, युम होङ गिल ह्युमन फाउण्डेसनका पार्क यु सुन लगायतको उपस्थिति रहेको थियो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधारतथामालपोतकार्यालयसप्तरी,राजविराज

मिति :-२०८१/०८/२५

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमायन्दी श्रेष्ता बमोजिम रैती नं. २ रक्षा प्रसाद सिंहको नाममा दर्ता रहेका साबिक प्रगन्ना जगदर मौजे बिहारपुर सा.कि.नं. २२ ज.वि.०-९-८ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला काठमाडौं म.न.पा.माठमाडौं बडा नं.९ बस्ने अनिरुद्ध प्रसाद सिंहको नाति राधा कृष्ण सिंहको छोरा दिवाकर सिंह-१ र ऐ.ऐ. बस्ने ऐ.ऐ.को छोरा प्रकाश सिंह-१ समेत २ को यस कार्यालयमा द.नं. ३६२८ मिति २०८१/०५/२३ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८१/०८/१२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २२ | रक्षा प्रसाद सिंह | राजबिराज | ५क | ३३९ | ०-२-८ | दिवाकर सिंह प्रकाश सिंह | यो जग्गाको फिल्डबुकमा ज.ध. महल खाली, जोतहा महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा अम्बिका देवीको नम्बरी हो। |

# विश्व समाचार

## युक्रेन सङ्कट समाधान आफ्नो पहिलो प्राथमिकता भएको ट्रम्पको भनाइ

पेरिस, २६ मङ्सिर (रासस/एएफपी)।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी महिना आफूले कार्यभार सम्हाल्ने बित्तिकै युक्रेन युद्धको समाधान आफ्नो पहिलो प्राथमिकता हुने बताउनुभएको छ।

“मलाई लाग्छ हामीले रूससँगको युक्रेनको युद्धको समाधान खोज्नुपर्छ, अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पले फ्रान्सेली पत्रिका पेरिस म्याचलाई शनिबार रेकर्ड गरिएको एक अन्तर्वार्तामा भन्नुभयो।

“ती दुवै देशले ठूलो सङ्ख्यामा नागरिक गुमाइरहेका छन्, जसलाई कसैले पनि विश्वास गर्न सक्दैन। लाखौं सैनिक मारिएका छन्,” ट्रम्पले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो उच्च प्राथमिकताबारे सोधिएको प्रश्नको जवाफमा भन्नुभयो।

“मध्यपूर्व निश्चित रूपमा एक ठूलो प्राथमिकता हो। मलाई लाग्छ, मध्यपूर्व रूससँग युक्रेनको युद्धको तुलनामा कम कठिन अवस्था हो,” ट्रम्पले भने। उहाँले भन्नुभयो, “तर यी दुई परिस्थितिहरू हामीले समाधान गर्नुपर्ने परिस्थितिहरू हुन्। यसका कारण धेरै मानिसहरू मरिरहेका छन्।”

ट्रम्प सन् २०१९ मा भएको भीषण आगलागीपछि ‘नोट्रे डम क्याथेड्रल’ पुनः सञ्चालनका लागि शनिबार पेरिस आउनुभएको थियो। फ्रान्स भ्रमणको क्रममा उहाँले फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रों र युक्रेनका नेता भोलोदिमिर जेलेन्स्कीसँग भेटवार्ता गर्नुभएको थियो।

“राष्ट्रपति जेलेन्स्कीसँग हाम्रो भेट भयो र भेटमा सकारात्मक कुराकानी भएको छ,” ट्रम्पले भन्नुभयो।

जेलेन्स्कीले मङ्गलबार युक्रेनमा जारी युद्ध अन्त्यका लागि ट्रम्पको दृढ सङ्कल्पप्रति आफू कृतज्ञ रहेको बताउनुभएको थियो।

ट्रम्पले २४ घण्टाभित्र युक्रेनको द्वन्द्व अन्त्य गर्न सकिने बताउनुभएको थियो। आइतबार उहाँले आफ्नो सामाजिक सञ्जाल ‘ट्रुथ सोसल प्लेटफर्म’मा लेख्नुभएको छ, “तत्काल युद्धविराम हुनुपर्छ र वार्ता सुरु हुनुपर्छ।”

सिरियामा लामो समयदेखि राष्ट्रपति रहेका बशर अल असदलाई विद्रोहीले सत्ताच्युत गरेको सिरियामा हस्तक्षेप नगर्न पनि उहाँले वासिङ्टनलाई आग्रह गर्नुभएको छ। “सिरियाले आफ्नो सुरक्षा गर्नुपर्छ,” ट्रम्पले अन्तर्वार्तामा भन्नुभयो। हामी सिरियामा संलग्न छैनौं र हुने सम्भावना पनि छैन।”

## इरानमा वायु प्रदुषणका कारण विद्यार्थी र कर्मचारीलाई घरमै बस्न निर्देशन

तेहरान, २६ मङ्सिर (रासस/एएफपी)।
इरानको राजधानी तेहरानमा बुधबार र बिहीबार ‘अस्वस्थ’ वायु प्रदूषणका कारण विद्यार्थी र सरकारी कर्मचारीलाई घरभित्रै बस्न आदेश दिइएको इरानको सरकारी सञ्चारमाध्यमले जनाएका छन्।उच्च प्रदूषणको स्तर रहेको तेहरानमा हालैका दिनहरूमा धुवाँ तथा तुवालोका कारण प्रदूषणको मात्रा ह्वात्तै बढेको छ।

अल्बोर्ज पर्वतको दक्षिणी फेदमा अवस्थित तेहरानमा बुधबार स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गरी वायुको गुणस्तर ‘अस्वस्थ’ स्तरमा पुगेको अर्थात् औसत वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) १७० पुगेको बताएका छन्।राजधानीमा केही विशिष्ट शाखाबाहेक सबै सङ्ग्रहालय र बैङ्कहरू बन्द गरिएको थियो।

इरानको चार सय ३५ मिटर अग्लो ऐतिहासिक मिलाद टावर बुधबार बिहान मुस्किलले देखिएको थियो।

प्रदूषणले मध्य इरानको इस्फाहान र उत्तरपश्चिमको ताब्रिजलगायत अन्य प्रमुख शहरहरूमा पनि प्रभाव पारिरहेको छ।दक्षिणपश्चिममा रहेको अहवाजमा पनि प्रदूषणको मात्रा उच्च रहेको सरकारी टेलिभिजनले जनाएको छ।

स्थानीय सञ्चारमाध्यमले केही औद्योगिक पूर्वाधारको जीर्ण अवस्था, पुरानो सवारी साधनको र गुणस्तरहीन पेट्रोलका कारण प्रदूषण बढेको बताएका छन्।हालैका हप्ताहरूमा, सरकारले केही पावर प्लान्टहरूमा प्रयोग हुने इन्धनलाई पनि योगदानको कारकको रूपमा हेरेको छ।

इरानका स्वास्थ्यमन्त्री मोहम्मद(रेजा जफरघान्डीका अनुसार वायु प्रदूषणका कारण हरेक वर्ष देशभर करिब ५० हजार मानिसको अकालमा मृत्यु हुने गरेको छ।

## रूसी पूर्व राष्ट्रपति मेदभेदेव चीन भ्रमणमा

बेइजिङ, २६ मङ्सिर (रासस/एएफपी)।
रूसी पूर्व राष्ट्रपति दिमित्री मेदभेदेव मस्कोको प्रमुख साझेदार मुलुकका नेताहरूसँग वार्ताका लागि यसै साता बेइजिङ भ्रमणमा आउनुभएको चिनियाँ विदेश मन्त्रालयले बुधबार जनाएको छ।

“रूसी पूर्व राष्ट्रपति मेदभेदेवको चीन भ्रमण चीन र रूसबीचको महत्वपूर्ण उच्चस्तरीय विचारहरूको आदानप्रदान हो,” चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो।

माओले रूसी सुरक्षा परिषद्को उपप्रमुखका रूपमा कार्यरत पूर्व राष्ट्रपतिका लागि तय गरिएको यात्रा कार्यक्रम वा बैठकका बारेमा थप जानकारी दिनुभएन।

सन् २०२२ को डिसेम्बरपछि मेदभेदेवको यो पहिलो चीन भ्रमण हो र भ्रमणको क्रममा चिनियाँ सरकारका वरिष्ठ अधिकारीसँग भेटवार्ता र छलफल हुने उहाँ बेइजिङका लागि छुट्नु अगाडि रूसको सरकारी समाचार संस्था तासले जनाएको थियो।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२२ को फेब्रुअरीमा छिमेकी मुलुक युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेदेखि नै चीनले आफूलाई अमेरिका र अन्य पश्चिमा राष्ट्रको विपरीत तटस्थ पक्षका रूपमा प्रस्तुत गर्न खोजेको छ।

चीन रूसको घनिष्ठ राजनीतिक र आर्थिक साझेदार रहेको छ, जसले गर्दा केही नेटो सदस्य राष्ट्रहरूले बेइजिङलाई युद्धको ‘प्रोत्साहनकर्ता’ को रूपमा चित्रण गरेका छन्। बेइजिङले युक्रेन आक्रमणको कहिल्यै निन्दा गरेको छैन। सी राजनीतिक प्रणालीमा मेदभेदेवको सीमित भूमिका छ।

# आयोजना वर्गीकरण नहुँदा समस्या देखियो : अर्थमन्त्री पौडेल

काठमाडौँ, २६ मङ्सिर (रासस)।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकास आयोजना कार्यान्वयनमा लागि तीन तहका सरकारबीच क्षेत्राधिकार परिभाषित हुन नसक्दा तथा आयोजना वर्गीकरण नहुँदा समस्या देखिएको बताउनुभएको छ।

अर्थ समितिको आजको बैठकमा उहाँले आयोजनाको वर्गीकरणसम्बन्धी स्पष्ट मापदण्ड बनाएर कुन तहका सरकारले कस्तो आयोजना कार्यान्वयन गर्ने भनेर स्पष्ट पारिनुपर्छ भन्नुभयो। "हामीसँग हजारौँको सङ्ख्यामा खल्तीका आयोजना छन्। विस्तृत अध्ययन र सम्भाव्यताबिना नै त्यस्ता आयोजनामा बजेट परेका छ। सङ्घ सरकारको बजेटमा रु ७५ हजार लागतको योजना पनि परेको देखियो। यसरी हजार र लाखका योजना केन्द्र सरकारले राख्यो भने प्रदेश, स्थानीय तह, वडाले कस्ता योजना बनाऊलान् र कार्यान्वयन गर्लान् ?", उहाँले भन्नुभयो, "विनियोजन कौशल भएन भने स्रोतको सही सदुपयोग हुन सक्दैन। यसकारण योजनाको वर्गीकरण चाहियो।" निर्माण व्यवसायीको दायित्व सरकारले नरोकेको पनि उहाँको भनाइ छ। विधि र प्रक्रिया पुऱ्याएर आए सरकारले कुनै पनि निर्माण व्यवसायीको भुक्तानी नरोक्ने उहाँले स्पष्ट पार्नुभयो।

मुलुकको अर्थतन्त्रको अवस्था बिस्तारै सुधारोन्मुख देखिए पनि त्यसको गतिबाट आफू सन्तुष्ट नरहेको पनि अर्थमन्त्री पौडेलको भनाइ छ। "अर्थतन्त्रमा रहेको समस्या र दबाबबाट बिस्तारै बाहिर निस्कन खोज्दैछौँ। लामो समयदेखि थुप्रिँदै गएका समस्या भएकाले आजको भोलि नै समाधान हुन सक्दैन", अर्थमन्त्री पौडेलले भन्नुभयो, "विदेशी मुद्रा सञ्चिति राम्रो छ। पर्याप्त तरलता र ब्याजदर घेटेको छ। मुद्रास्फीति वाञ्छित सीमाभित्र छ। तर यो प्रगतिसँग हामी सन्तुष्ट छैनौँ। यसमा थप सुधार आवश्यक छ। अहिलेको सुधारमा मात्रै चित्त बुझाएर हुँदैन।"

गत आर्थिक वर्षको पहिलो चौमासिक अवधिको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को सोहि अवधिमा सरकारी राजस्व बढेको देखिए पनि लक्ष्यअनुसार भने अझै सङ्कलन हुन नसकेको अर्थमन्त्री पौडेलले बताउनुभयो। राजस्व प्रशसनमा रहेका समस्यालाई गम्भीर भएर निगरानी बढाइए पनि सरकारका प्रयास सम्पूर्ण रूपमा सफल हुन नसकेको उहाँको भनाइ छ। चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले राखेको राजस्व लक्ष्य हासिल गर्न गत आर्थिक वर्षको भन्दा करिब ३० प्रतिशत बढी राजस्व उठाउने पर्नेगरी महत्वाकाङ्क्षी भएर अर्थमन्त्रालयले काम गरिरहेको उहाँको भनाइ छ।

अहिले बजारमा तरलता पर्याप्त हुँदा र ब्याजदर घट्दा पनि लगानी बढ्न नसक्नुको कारणबारे आफूले नेपाल राष्ट्र बैङ्कसँग कुरा गरेको पनि अर्थमन्त्री पौडलले समितिलाई जानकारी दिनुभयो। त्यस्तै, शेयर भित्री कारोबार (इन्साइडर ट्रेडिङ) र कर्नरिग जस्ता समस्या देखिएकाले त्यसलाई नियन्त्रण गर्नका लागि पहल भइरहेको उहाँको भनाइ छ। नेपालले इतिहासमै पहिलोपटक मुलुकको सार्वभौम साख मूल्याङ्कन गरेको र यसको नतिजा सन्तोषजनक अवस्था देखिएकाले अब विस्तारै लगानी बढ्दै जाने आशा व्यक्त गर्नुभयो। सरकारले आफ्नो आवश्यकता र क्षमता हेरेर सार्वजनिक ऋण लिने पनि उहाँले स्पष्ट पार्नुभयो।

बैठकमा पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले घटेको बजार माग र निजी क्षेत्रको मनोबल उकास्नु अहिलेको मुख्य चुनौती रहेको बताउनुभयो। "हाम्रो अर्थतन्त्रका समस्या बिस्तारै कम हुँदै गए पनि अझै कायम छन्। निजी क्षेत्रको आत्मविश्वास बढाउने चुनौती हाम्रासामु छ। बजारमा माग पनि घेटेको छ", डा महतले भन्नुभयो, "शेयर बजारमा सुधार भए पनि स्वस्थकर रूपमा विकास हुन सकेको छैन। निकायम निकायहरूले समस्या हल गर्नेभन्दा पनि समस्या बढाउने काम गरेका छन्।" नेपालको बीमा क्षेत्र निकै अपारदर्शी रहेको र त्यहाँ मिलेमतो गरेर बीमाको दररेर आफूखुसी तय गर्ने प्रवृत्तिले कारोबार लागत बढी हुनगई आयोजनालाई समस्या भइरहेको उहाँको भनाइ छ।

त्यस्तै, वैदेशिक सहयोगका आयोजनालाई दिइएको भन्सार छुट दिएको दुरुपयोग भइरहेको पनि पूर्व अर्थमन्त्री डा महतको भनाइ छ।

उहाँले भन्नुभयो, " नेपालको सार्वजनिक ऋणको दायित्व निकै बढी भइसकेकाले अब विचार पुऱ्याएर मात्र ऋण लिनुपर्छ , द्विपक्षीय ऋण रोक्नै पर्ने बेला भएको छ। बहुपक्षीयबाट भने लिन सकिन्छ। किनकि त्यसका सेवा सर्त सहज छन्।"

समिति बैठकमा पूर्वअर्थमन्त्री वर्षमान पुनले मुलुकमा नयाँ चरणको आर्थिक सुधार आवश्यक रहेको बताउनुभयो। चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले नयाँ चरणको आर्थिक सुधारका लागि प्रक्रिया थाल्ने उल्लेख गरेको र त्यसका लागि सरकारले उच्चस्तरीय सुझाव कार्यदल पनि गठन गरिसकेको उहाँको भनाइ छ। चालु आर्थिक वर्षको बजेटका सिद्धान्त तथा प्राथमिकता पूर्वअर्थमन्त्री डा महतले तयार पारेको, बजेट आफूले तयार पारेको र कार्यान्वयन गर्ने बेलामा वर्तमान अर्थमन्त्री पौडेलले जिम्मेवारी सम्हालेकाले अहिलेको बजेट पूर्वाग्रहरहित भएर कार्यान्वयन गर्न पनि उहाँले आग्रह गर्नुभयो। लक्षित राजस्व पुऱ्याउनका लागि सरकारका अहिलेका प्रयास पर्याप्त नरहेको पनि पुनको भनाइ छ।

सहकारी क्षेत्र नियमनका लागि जतिसक्दो चाँडो छुट्टै निकाय गठन गर्न पनि उहाँले सरकारसँग आग्रह गर्नुभयो। बैठकमा सांसद उपेन्द्र यादवले कोभिड-१९ महामारीपछि बन्द रहेका छोटी भन्सार कार्यालयहरू सञ्चालनमा ल्याइनुपर्ने तथा सीमा क्षेत्रमा हुने चोरी-पैठारी रोकिनुपर्ने विषय उठाउनुभयो।

बैठकमा सांसद विराजभक्त श्रेष्ठले मुलुकमा अनौपचारिक अर्थतन्त्रको आकार बढ्दै गएको र अवैध हुण्डी मौलाएको बताउनुभयो। अहिले धराशयी अवस्थामा रहेको सहकारी क्षेत्र नियमनका लागि तत्काल पहल थाल्न सरकार असफल भएको पनि उहाँले आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, "विकास खर्च प्रतिफल ठाउँमा मात्रै लगानी गर्नुपर्छ।"

### अपाङ्गता...

अपाङ्गता लगायतका क्षेत्रमा संस्थाले गरेको कामका बारेमा संस्थाका अध्यक्षम अध्यक्ष ध्रुव प्रसाद देवले विवरण प्रस्तुत गरेका थिए।

संस्थाका अध्यक्ष देवको अध्यक्षतामा आयोजित कार्यक्रममा एशिया फाउनडेशन मधेश प्रदेशका प्रोजेक्ट म्यानेजर रोशन झा, कार्यक्रम संयोजक राकेश यादव लगायतले पनि बोलेका थिए। कार्यक्रममा मधेश प्रदेश भित्रका शिक्षा क्षेत्रका अगुवा तथा विभिन्न पालिकाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा सहजकर्ताहरुको सहभागिता रहेको थियो।

### सुदूरपश्चिम...

समान दुई/दुई विकेट लिए। सैफ जैब, स्कट कुगुलेइन र नरेन साउदले समान एक/एक विकेट लिए।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधवार भएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय २३ रनको योगफल बनाएको थियो। सुदूरपश्चिमका लागि ओपनर विनोद भण्डारीले ३७ बलमा तीन चौका र एक छक्काको मद्दतमा सर्वाधिक ३३ रन बनाए। सैब जैबले २१, इशान पाण्डेले १७, ब्रान्डन म्याकमुलेनले ११ रन बनाए। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

जनकपुरका लागि किशोर महतो एक्लैले चार विकेट लिए। त्यस्तै शेर मल्ल र अरनिको यादवले समान दुई/दुई विकेट झारे भने हर्ष ठाकुरले एक विकेट लिए।


## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोवस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*